# नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०८३

नेपाल राष्ट्र बैंक

मुद्रा व्यवस्थापन विभाग

टक्सार महाशाखा

२०८३

# नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०८३

टक्सार महाशाखाबाट हुने सुनचाँदी तथा अन्य धातुको खरिद, चलनचल्तीको सिक्का बाहेकको अन्य टकमरी र बिक्री गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।*

ख) यो कार्यविधि गभर्नरले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

क) "आधार मूल्य" भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिम गणना गरिएको आधार मूल्य सम्झनु पर्छ ।

ख) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

ग) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त भएको गभर्नर सम्झनु पर्छ ।

घ) "टकमरी" भन्नाले यस कार्यविधि बमोजिम स्मारिका सिक्का, मेडालियन, असर्फी तथा पदकको टकमरी गर्ने कार्य सम्झनु पर्छ ।

ङ) "टकमरी सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम गठित टकमरी सिफारिस समिति सम्झनु पर्छ ।

च) "डिजाइन समिति" भन्नाले नियमावलीको नियम १० बमोजिम गठित नोट तथा सिक्का डिजाइन समिति सम्झनु पर्छ ।

छ) "नियमावली" भन्नाले नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ सम्झनु पर्छ ।

ज) "पदक" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम टकमरी गरिने पदक सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्था वा निकायको अनुरोधमा टकमरी गरिने तक्मा, ब्याज, टोकन, सम्बन्धित संस्थाको लोगो अंकित सुनचाँदीका सिक्का वा मेडल समेतलाई जनाउँदछ ।

---

* गभर्नरले अध्यक्षता गर्नुभएको व्यवस्थापन समितिको मिति २०८३/०६/०६ मा बसेको बैठक संख्या ११/०८३/८४ बाट स्वीकृत ।

झ) “बैंक” भन्नाले ऐन अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

ञ) “मेडालियन” भन्नाले आभूषण, सजावट, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरूको प्रबर्द्धन गर्ने उद्देश्यले यस कार्यविधिको दफा ६ बमोजिम टकमरी गरिने मेडालियन सम्झनु पर्छ ।

ट) “महाशाखा” भन्नाले विभाग अन्तर्गत रहेको टक्सार महाशाखा सम्झनु पर्छ ।

ठ) “विनियमावली” भन्नाले नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहितको) सम्झनु पर्छ ।

ड) “विभाग” भन्नाले मुद्रा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

ढ) “समिति” भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

ण) “स्मारिका सिक्का” भन्नाले चाँदी लगायत अन्य धातु वा धातुहरू सम्मिश्रण गरी यस कार्यविधिको दफा ५ बमोजिम विशेष अवसरमा बैंकले निष्कासन गरेको स्मारिका सिक्का सम्झनु पर्छ ।

त) “सार्वजनिक निकाय” भन्नाले “सार्वजनिक खरिद ऐन, २०६३” को दफा २ को खण्ड (ख) मा उल्लेख भए बमोजिमका सार्वजनिक निकाय सम्झनु पर्छ ।

**३. सुनचाँदी तथा अन्य धातु खरिद गर्ने :**

(१) यस कार्यविधि बमोजिमको काम कारबाहीका लागि आवश्यक पर्ने सुनचाँदी तथा अन्य धातु प्रचलित ऐन तथा विनियमावलीमा तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारबाट खरिद गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खरिद गरिने सुन तथा चाँदीको गुणस्तर ९९९.९ टचको हुनु पर्नेछ ।

(३) नेपाल सरकारका कार्यालय वा अन्य सार्वजनिक निकायबाट सुनचाँदी खरिद गरिदिन अनुरोध भई आएको अवस्थामा त्यस्ता निकायबाट सुनचाँदी सोझै खरिद गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम खरिद गर्नु पूर्व त्यस्तो सुनचाँदीलाई महाशाखाले आन्तरिक लेखापरीक्षण विभाग, वित्त व्यवस्थापन विभाग, टक्सार महाशाखा र नेपाल सरकारको सम्बन्धित कार्यालयका प्रतिनिधिहरूको रोहवरमा महाशाखामा गरेको गलान तथा

महाशाखाका प्राविधिकबाट आस्से परीक्षण गर्दा गएको जर्ती कटाएपछि कायम हुन आउने तौल तथा गुणस्तरका आधारमा गलान गरेको दिनको अन्तर्राष्ट्रिय बजार मूल्यको आधारमा हुन आउने रकममा विनियमावलीमा तोकिए बमोजिमको प्रतिशतले रकम थप गरी खरिद मूल्य निर्धारण गर्नुपर्नेछ ।

(५) उपदफा (४) को प्रयोजनको निमित्त सुनचाँदी गलान गरेको दिन बैंकले प्रकाशन गरेको अमेरिकी डलरको खरिद दरलाई आधार लिनु पर्नेछ ।

(६) महाशाखाले गर्ने टकमरी कार्यका लागि मुद्रा व्यवस्थापन विभागले आफूसँग मौज्दात रहेको सुनचाँदी आवश्यकतानुसार उपलब्ध गराउन सक्नेछ ।

**४. वाणिज्य बैंकहरु मार्फत् सुनचाँदी खरिद गर्ने :**

(१) महाशाखाले टकमरी कार्यको लागि आवश्यक सुनचाँदी देहाय बमोजिमको प्रक्रिया अपनाई इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरुसँग खरिद गर्न सक्नेछ :

क) महाशाखामा ९९९.९ टचको सुनको मौज्दात सामान्यतया १५ के.जी. वा सो भन्दा कम भएपश्चात् सुन खरिदको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

ख) स्वीकृत बार्षिक बजेटभित्र रही महाशाखाले सुनचाँदी खरिद गर्नुपूर्व खरिद गरिने सुनचाँदीको परिमाण तथा गुणस्तरको निकासा गभर्नरबाट लिनु पर्नेछ । यस्तो निकासा महाशाखाको लागि एक आर्थिक वर्षमा खरिद गरिने सुनचाँदीको लागि एकमुष्ट वा आवश्यकतानुसार पटकपटक लिन सकिनेछ ।

ग) खण्ड (ख) बमोजिमको निकासा लिँदा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने तथा भुक्तानीको अख्तियारी समेत लिनुपर्नेछ ।

घ) वाणिज्य बैंकहरु मार्फत् खरिद गर्ने सुनचाँदी ९९९.९ टच गुणस्तरको हुनुपर्नेछ र प्रत्येक सुनको बारको तौल कम्तिमा २०० ग्रामको हुनुपर्नेछ ।

ङ) खरिद गरिने सुनचाँदीको बारमा सिरियल Serial Number, Weight, Refiner's Stamp, Assay Mark, Fineness अंकित भएको हुनुपर्नेछ । साथै, खरिद गरिने सुनचाँदी London Bullion Market Association (LBMA) वा Dubai Multi Commodities Centre (DMCC) बाट प्रमाणित भएको हुनुपर्नेछ ।

च) खण्ड (ख) बमोजिम निकासा प्राप्त भएपछि महाशाखाबाट खरिद गरिने सुनचाँदीको परिमाण र गुणस्तर खुलाई सबै इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरुलाई मौज्दातमा रहेको सुनचाँदी महाशाखाले खरिद गर्न तोकेको दिनको पहिलो समयका लागि लण्डन बुलियन मार्केट एशोसिएसन (London Bullion Market Association, LBMA) ले प्रकाशन गरेको सुनचाँदीको Fix Price मा सुनचाँदी बिक्री गर्न इच्छुक भए सुनचाँदीको खरिद मूल्य बाहेक वाणिज्य बैंकहरुले बिक्री गर्न चाहेको सुनचाँदीको परिमाणको भन्सार तिरेको रकम र अन्य एकमुष्ट मार्कअप रकम (बीमा, ढुवानी, सुरक्षा, जोखिम प्रिमियम, सेवा शुल्क लगायत अन्य मार्जिन वापत) खुलाई बोलपत्र पेश गर्न समयसीमा तोकी सबै वाणिज्य बैंकहरुलाई बोलपत्र सम्बन्धी सूचना दिइनेछ ।

छ) खण्ड (च) बमोजिम पेश हुन आएका बोलपत्रहरु टकमरी सिफारिस समितिले खोली मूल्यांकन गरी न्यूनतम रकम बोलकबोल भएको बोलपत्र छनौट गर्नेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अख्तियारी टकमरी सिफारिस समितिमा निहित रहनेछ ।

ज) खण्ड (छ) बमोजिम न्यूनतम बोलकबोल गरिएको बोलपत्रबाट सुनचाँदीको खरिद गर्न चाहेको परिमाण अपुग भएमा टकमरी सिफारिस समितिले खरिद गर्न चाहेको परिमाण नपुगेसम्म क्रमशः अर्को न्यूनतम बोलकबोल गरेको बोलपत्रलाई छनौट गर्दै जान सक्नेछ । तर कम भएको परिमाण खरिद गर्ने वा नगर्ने अधिकार टकमरी सिफारिस समितिमा निहित रहनेछ ।

झ) खण्ड (ज) बमोजिम अन्तिम छनौट भएको बोलपत्रबाट खरिदको परिमाण नपुग भएजति परिमाणको सुनचाँदी मात्र खरिद गर्न सकिनेछ । साथै, बोलपत्रमा बराबर रकम कबोल भएको अवस्थामा समान अनुपातको हिसाबले बाँडफाँड गरिनेछ ।

ञ) खरिद गरिएको परिमाणको सुनचाँदी, खण्ड (ङ) बमोजिमको प्रमाणीकरणको प्रतिलिपी (सम्बन्धित निकायको Certification तथा Assay Certificate) र

खरिद गरिएको सुनचाँदीको बिल/बिजक प्राप्त भएपछि महाशाखाले विदेशी विनिमय व्यवस्थापन विभागसँग सुनचाँदी खरिद गरेको दिन र समयको LBMA Fix Price माग गर्नेछ ।

ट) महाशाखाले विदेशी विनिमय व्यवस्थापन विभागबाट प्राप्त LBMA Fix Price लाई LBMA को आधिकारिक वेभसाइट (https://www.lbma.org.uk/prices-and-data/lbma-precious-metal-prices) बाट समेत रुजु गर्नेछ र सो बमोजिम बिल/बिजक ठिक भए/नभएको यकिन गर्नुपर्नेछ ।

ठ) LBMA ले ९९९.९ टचभन्दा अन्य टच (गुणस्तर) को सुनचाँदीको Fix Price प्रकाशन गरेको अवस्थामा देहायको Conversion पद्धति अनुसार ९९९.९ टच गुणस्तरको सुनचाँदीको मूल्य निर्धारण गरी सुनचाँदीको खरिद मूल्य सम्बन्धित वाणिज्य बैंकको खातामा अमेरिकी डलरमा भुक्तानी गर्न बैंकिङ्ग विभागलाई लेखी पठाउनेछ ।

*(९९९.९ टच गुणस्तरको सुनचाँदीको मूल्य = LBMA ले प्रकाशन गरेको अधिकतम टचको मूल्यलाई सो टचले भाग गरी आउने मूल्यलाई ९९९.९ ले गुणान गर्ने)*

ड) सम्बन्धित बैंकले सुनचाँदीमा भन्सार तिरेको रकम र मार्कअप रकम महाशाखाले नेपाली मुद्रामा भुक्तानी गर्नेछ ।

ढ) महाशाखाले खरिद गरेको सुनचाँदीको कुल रकम (सुनचाँदीको मूल्य, भन्सार, मार्कअप लगायतको रकम) वाणिज्य बैंकले नेपाली मुद्रामा भुक्तानी लिन चाहेमा सोही बमोजिम भुक्तानी गर्न बाधा पर्ने छैन । यसरी भुक्तानी दिँदा वाणिज्य बैंकले अन्तर्राष्ट्रिय बजारमा सुनचाँदी खरिद गरेको दिनको लागि नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको विदेशी विनिमय दरको खरिद दरका आधारमा भुक्तानी रकम निर्धारण गरिनेछ ।

ण) यस व्यवस्था बमोजिम सुनचाँदी खरिद रकमको लेखाङ्कन गर्दा LBMA Fix Price कायम भएको दिनको लागि नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको विदेशी विनिमय खरिद दरको आधारमा सुनचाँदीको रकम तथा भन्सार, मार्कअप

लगायत वाणिज्य बैंकलाई भुक्तानी गरिने रकम जोडी हुन आउने एकमुष्ट रकम नेपाली रुपैयाँमा लेखाङ्कन गरिनेछ ।

त) खण्ड (ठ) बमोजिम बैंकिङ्ग विभागबाट भुक्तानी भएको रकम र महाशाखाले शोधभर्ना दिएको रकमसँग हुने फरकलाई सटही घटबढ हिसाबमा लेखाङ्कन गर्नुपर्नेछ ।

थ) खरिद भएको सुनचाँदी वित्त व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, आन्तरिक लेखा परीक्षण विभाग र महाशाखाका प्रतिनिधिको रोहवरमा दाखिला गरिनेछ ।

(२) महाशाखाले वाणिज्य बैंकबाट खरिद गरेको सुनचाँदीलाई विदेशी विनिमय व्यवस्थापन विभागले वाणिज्य बैंकहरुको लागि तोकेको नियमित कोटाभित्र गणना गरिने छैन ।

**५. स्मारिका सिक्का टकमरी गरी बिक्री गर्ने :**

(१) महाशाखाले नेपाल सरकारको स्वीकृतिमा चाँदी लगायत अन्य धातु वा धातुहरू सम्मिश्रण गरी देहाय बमोजिमको स्मारिका सिक्का टकमरी गरी बिक्री गर्न सक्नेछ :-

क) राष्ट्रिय विभूति वा नेपाल सरकारबाट अनुरोध भई आएका व्यक्तित्वसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

ख) राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वको राजनैतिक, ऐतिहासिक घटना, कुनै विशेष दिन, वर्ष, अवसर, कार्यक्रम वा उपलब्धिसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

ग) सार्वजनिक निकायको विशेष दिन, वर्ष, अवसर, कार्यक्रम वा उपलब्धिसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

घ) नेपालको आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा क्रियाशील रही योगदान पुऱ्याउँदै आएको कुनै कम्पनी, संघ, संस्थाको कुनै विशेष दिन, वर्ष, अवसर, कार्यक्रम वा उपलब्धिसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

(२) उपदफा (१) बमोजिमको कुनै स्मारिका सिक्का एक पटक निश्चित संख्यामा टकमरी गरे पश्चात् सोही स्मारिका सिक्का पुनः टकमरी गरिने छैन । तर, टकमरी भइरहेको समयमा नै त्यस्ता स्मारिका सिक्काको माग अत्याधिक हुने देखिएमा गभर्नरले तोकेको संख्यामा पुनः एक पटकका लागि मात्र टकमरी गर्न बाधा पुगेको मानिने छैन ।

(३) टकमरी गरिएका चाँदीका स्मारिका सिक्कालाई अंकित मूल्य वा त्यसमा प्रयोग भएको धातुको नेपाल सुनचाँदी व्यवसायी महासंघले प्रकाशित गरेको उक्त दिनको बिक्री मूल्यमा टकमरीको सबै चरणको जर्ती तथा अन्य लागत बापत प्रति ग्राम ५० रुपैयाँ थप गरी आउने मूल्यमा नियमानुसारको कर वा शुल्क बापतको रकम थप गरी (त्यस्तो मूल्यलाई सयले भाग जाने भएमा सोही मूल्य र सयले भाग नजाने भएमा सो मूल्य पछिको सयले भाग जाने मूल्य) मध्ये जुन बढी हुन्छ सोही मूल्यमा बिक्री गर्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि चाँदीको स्मारिका सिक्काको हकमा वर्तमान बिक्री मूल्यभन्दा सो सिक्कामा प्रयोग गरिएको धातुको प्रचलित स्थानीय बजार मूल्य प्रति ग्राम ५० रुपैयाँ भन्दा कम भएको अवस्थामा बढिमा पन्ध्र दिन सम्म बिक्री बन्द गर्नुपर्नेछ । तर पन्ध्र दिन नपुग्दै फरक मूल्य पुनः प्रति ग्राम ५० रुपैयाँ वा सो भन्दा बढी कायम हुन आएमा बिक्री कार्य सुचारु गर्न सकिनेछ ।

(५) उपदफा (४) मा तोकिएको अवधिमा पनि फरक मूल्य प्रति ग्राम ५० रुपैयाँ भन्दा कम नै रही रहेमा सोह्रौं दिन महाशाखाले देहाय बमोजिम नयाँ बिक्री मूल्य कायम गरी बिक्री सुचारु गर्नु पर्नेछ ।

नयाँ बिक्री मूल्य = (नेपाल सुनचाँदी व्यवसायी महासंघले प्रकाशित गरेको चाँदीको सो दिनको प्रतिग्राम बिक्री मूल्य + रु.५०) × स्मारिका सिक्काको तौल (ग्राममा)

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कुनै स्मारिका सिक्का टकमरी गरिएको मितिले दश वर्ष अवधि व्यतित भएपश्चात् अनुसूची १ बमोजिम पुनर्मूल्याङ्कन गरी कायम हुने मूल्यमा बिक्री गर्नुपर्नेछ । तर दफा १५

बमोजिम न्यूनतम मौज्दात मात्र कायम रहेका स्मारिका सिक्काको पुनर्मूल्याङ्कन गर्नुपर्ने छैन ।

(७) चाँदीका स्मारिका सिक्काको अंकित मूल्य निर्धारण गर्दा धातुको बजार मूल्यमा न्यूनतम प्रति ग्राम ५० रुपैयाँ थप तथा नियमानुसारको कर वा शुल्क बापतको रकम थप गरी टकमरी सिफारिस समितिले तोके बमोजिम हुनेछ ।

(८) चाँदी बाहेकका अन्य धातुका स्मारिका सिक्काको बिक्री मूल्य अंकित मूल्य भन्दा कम नहुने गरी टकमरी सिफारिस समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

**६. मेडालियन टकमरी गरी बिक्री गर्ने** :

(१) चाँदी वा अन्य धातु वा धातुहरु सम्मिश्रण गरी देहाय अनुसारको मेडालियन टकमरी गरी महाशाखाले बिक्री गर्न सक्नेछ :-

क) नेपालको पर्यटन प्रवर्द्धन हुने कुनै विशेष स्थान वा चाडपर्वसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

ख) नेपालको प्राकृतिक सम्पदा, मठमन्दिर, देवीदेवता, पशुपंक्षी, ऐतिहासिक तथा साँस्कृतिक धरोहरको विषयवस्तु अंकित भएको ।

ग) समय समयमा बैंकले निर्णय गरे बमोजिमको अन्य विषयवस्तु अंकित भएको ।

(२) उपदफा (१) बमोजिमका मेडालियन आवश्यकतानुसार टकमरी गरी बिक्री गर्न सकिनेछ ।

(३) टकमरी गरिने मेडालियनमा अंकित मूल्य खुलाइने छैन ।

(४) चाँदीको मेडालियनको बिक्री मूल्य निर्धारण गर्दा नेपाल सुनचाँदी व्यवसायी महासंघले प्रकाशित गरेको प्रत्येक दिनको चाँदीको बिक्री मूल्यमा टकमरीको सबै चरणको जर्ती तथा अन्य लागत बापत प्रति ग्राम चालिस रुपैयाँ थप गरी आउने मूल्यमा नियमानुसारको कर वा शुल्क बापतको रकम थप गरी सयले भाग जाने भएमा सोही मूल्य र सयले भाग नजाने भएमा सो मूल्य पछिको सयले भाग जाने अंकमा दैनिक रुपले महाशाखाले बिक्री मूल्य निर्धारण गर्नुपर्नेछ ।

**७. असर्फी टकमरी गरी बिक्री गर्ने :**

(१) सुनको असर्फी स्वीकृत डिजाइन बमोजिम टकमरी गरी महाशाखाले बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम टकमरी गरिने असर्फीको बिक्री मूल्य देहाय बमोजिम दैनिक रुपले कायम गर्नुपर्नेछ :-

क) नेपाल सुनचाँदी व्यवसायी महासंघद्वारा सो दिनका लागि प्रकाशित सुनको नेपाली स्थानीय बजार मूल्य र विदेशी विनिमय व्यवस्थापन विभागबाट उपलब्ध हुने भारतीय बजारको अघिल्लो कारोबार दिनको अन्तिम मूल्य बीचको औसत मूल्य गणना गर्ने ।

ख) खण्ड (क) बमोजिम गणना गरिएको औसत मूल्य नेपाली स्थानीय बजारको मूल्य भन्दा कम हुन आएमा नेपाली स्थानीय बजारको मूल्यलाई आधार मूल्यको रुपमा लिने तर नेपाली स्थानीय बजारको मूल्य भन्दा औसत मूल्य बढी भएमा औसत मूल्यलाई नै आधार मूल्यको रुपमा लिने ।

ग) खण्ड (ख) बमोजिमको आधार मूल्यमा महाशाखाले टकमरीको सबै चरणको जर्ती तथा अन्य लागत बापत पाँच प्रतिशत रकम थप गरी आउने मूल्यमा नियमानुसारको कर वा शुल्क बापतको रकम थप गरी असर्फीको दैनिक बिक्री मूल्य निर्धारण गर्ने ।

घ) खण्ड (ग) बमोजिम दैनिक रुपले असर्फीको मूल्य निर्धारण गर्दा सयले भाग जाने अंकमा मूल्य कायम हुन आएमा सोही मूल्य र सयले भाग नजाने भएमा सो मूल्य पछिको सयले भाग जाने अंकमा बिक्री मूल्य कायम गर्नुपर्नेछ ।

**८. कच्चा सुन वा चाँदी सोझै बिक्री गर्ने :**

(१) सार्वजनिक निकायबाट माग भई आएमा वा सम्बन्धित सरकारी निकाय वा स्थानीय निकायको सिफारिस सहित कुनै परोपकारी संस्था वा मठमन्दिरबाट सामाजिक वा धार्मिक कार्यमा प्रयोग गर्ने उद्देश्यले माग भई आएमा महाशाखामा रहेको मौज्दातको आधारमा माग बमोजिमको कच्चा सुनचाँदी तथा निजी क्षेत्रका संस्था वा व्यवसायीबाट न्यूनतम दुई सय ग्राम सुनचाँदी माग भई आएमा महाशाखाले तय गरेको मूल्यमा कच्चा सुनचाँदी तथा अन्य धातु सोझै बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री गरिने सुनको बिक्री मूल्य दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिम असर्फीको दैनिक मूल्य निर्धारण गर्दा लिइने आधार मूल्यलाई र चाँदीको हकमा नेपाल सुनचाँदी व्यवसायी महासंघले प्रकाशित गरेको सो दिनको बिक्री मूल्यलाई आधार लिई गलान चरणमा भएको जर्ति वा अन्य लागत बापत तीन प्रतिशत थप गरी हुन आउने मूल्यमा नियमानुसारको कर वा शुल्क बापतको रकम थप गरी बिक्री मूल्य कायम गरिनेछ ।

(३) उप-दफा (१) बमोजिम निजी क्षेत्रका संस्था वा व्यवसायीहरूलाई सुनचाँदी बिक्री गर्दा त्यस्ता संस्था वा व्यवसायीले देहायको कागजात समावेश गर्नु पर्नेछ ।

क) संस्था दर्ता र अद्यावधिक प्रमाणपत्र,

ख) सुनचाँदी व्यवसायको कारोबार गर्न प्राप्त इजाजतपत्र र अद्यावधिक प्रमाणपत्र,

ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।

तर, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र उपलब्ध नभएको अवस्थामा सो भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र सहित गत आर्थिक वर्षको आय विवरण पेश गर्नका लागि म्याद थप गरिएको प्रमाण उपलब्ध गराउनु पर्नेछ ।

घ) महाशाखाले तोकेका अन्य कागजातहरू ।

(४) सुनचाँदी बाहेक अन्य धातुको बिक्री मूल्य प्रचलित बजार मूल्य अनुसार टकमरी सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. पदक टकमरी गरी उपलब्ध गराउने :**

(१) सार्वजनिक निकायले विशेष अवसरमा वितरण गर्ने पदकहरूको लागि अनुरोध भई आएमा टकमरी गरी उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम टकमरी गरिने पदकको लागत तथा बिक्री मूल्य देहाय बमोजिम निर्धारण गर्नु पर्नेछ :

क) पदक टकमरी गर्दा खर्च हुने सुनको हकमा दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिम असर्फीको दैनिक मूल्य निर्धारण गर्दा लिइने आधार मूल्य, चाँदीको हकमा नेपाल सुनचाँदी व्यवसायी महासंघले सो दिनका लागि प्रकाशित गरेको बिक्री मूल्य र अन्य धातुको हकमा प्रचलित बजार मूल्यलाई आधार लिई धातुको लागत निर्धारण

गर्ने । यसरी लागत निर्धारण गर्दा पदक टकमरी गर्न स्वीकृती प्राप्त भएको दिनलाई आधार लिने ।

ख) टकमरी गरिने कुल पदक संख्यालाई चार अंकले भाग गर्दा आउने भागफल पूर्ण अंकमा आए सोही अंक र पूर्ण अंकमा नआए त्यसपछि हुने पूर्ण अंकलाई कुल ज्यामी संख्या मानी सो अंकलाई काठमाडौं जिल्लास्थित जिल्ला दररेट निर्धारण समितिले सम्बन्धित आर्थिक वर्षको लागि निर्धारण गरेको दक्ष आर्टिस्टको दैनिक ज्यालादरले गुणन गरी कुल ज्याला निर्धारण गर्ने ।

ग) टकमरीमा प्रयोग भएको नयाँ डाईको हकमा दश हजार रुपैयाँ र पुरानो डाईको हकमा पाँच हजार रुपैयाँ डाई इनग्रेभिङ्ग खर्च निर्धारण गर्ने ।

घ) खण्ड (क), (ख) र (ग) बमोजिम निर्धारण गरिएको धातुको लागत, ज्याला र डाई खर्च जोडी आउने लागतमा पन्ध्र प्रतिशत सरचार्ज र नियमानुसार लाग्ने कर वा शुल्कबापतको रकम थप गरी पदकको कुल लागत तथा बिक्री मूल्य निर्धारण गर्ने ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित निकायबाट भुक्तानी प्राप्त भएपछि मात्र पदक टकमरी गर्नु पर्नेछ ।

**१०. प्रयोग हुने धातु तथा सोको गुणस्तर तय गर्ने :**

(१) यस कार्यविधि बमोजिम सुनचाँदी खरिद, टकमरी तथा बिक्री गर्दा प्रयोग हुने धातु र सोको गुणस्तर देहाय बमोजिम हुनेछ ।

क) स्मारिका सिक्काको हकमा निर्णयानुसारको धातु र गुणस्तर ।

ख) मेडालियनको हकमा ९९९ टचको चाँदी ।

ग) असर्फीको हकमा ९९९ टचको सुन ।

घ) पदकको हकमा माग बमोजिमको धातु र गुणस्तर ।

ङ) दफा ३ को उपदफा (१) बमोजिम सुनचाँदी खरिद गर्दा ९९९.९ टच ।

च) दफा ३ को उपदफा (३) बमोजिम सुनचाँदी खरिद गर्दा जुनसुकै गुणस्तर ।

छ) कच्चा सुनचाँदी बिक्रीको हकमा ९९९ टच भन्दा कम गुणस्तर ।

## ११. टकमरी सिफारिस समिति :

(१) यस कार्यविधि बमोजिमको स्मारिका सिक्का, मेडालियन तथा असर्फी टकमरी कार्यको लागि देहाय अनुसारको टकमरी सिफारिस समिति रहनेछ :-

क) कार्यकारी निर्देशक, मुद्रा व्यवस्थापन विभाग - संयोजक
ख) कार्यकारी निर्देशक, वित्त व्यवस्थापन विभाग - सदस्य
ग) कार्यकारी निर्देशक, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग - सदस्य
घ) कार्यकारी निर्देशक, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग - सदस्य
ङ) कार्यकारी निर्देशक, बैंकिङ्ग विभाग - सदस्य
च) निर्देशक, कानून महाशाखा - सदस्य
छ) निर्देशक, टक्सार महाशाखा - सदस्य-सचिव

(२) टकमरी सिफारिस समितिको बैठक संयोजकको अनुमतिमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) बैठकमा बढीमा दुईजनासम्म विषयगत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) सदस्यहरूको बैठक भत्ता र खाजा खर्च तोकिए बमोजिम हुनेछ ।

## १२. टकमरी सिफारिस समितिको काम, कर्तव्य र अधिकार :

(१) टकमरी सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) टकमरीका लागि आवश्यक कच्चा सुनचाँदी तथा अन्य धातुहरू स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारबाट खरिद गर्न गभर्नर समक्ष सिफारिस गर्ने ।

ख) दफा ४ बमोजिम सुनचाँदी खरिद गर्न वाणिज्य बैंकहरुबाट प्राप्त बोलपत्र खोली सो को मूल्यांकन गरी छनौट भएका बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने ।

ग) स्मारिका सिक्का तथा मेडालियन टकमरीको डिजाइन छनौट, सिक्कामा रहने प्राकृतिक सम्पदा, मन्दिर, देवीदेवता, पशुपंक्षी आदिको चित्र चयन गर्ने, सिक्काको आकार निर्धारण, सिक्काको धातु तथा धातुहरुको मिश्रण किटान, सिक्कामा छापिने अङ्क, अक्षर तथा शब्दहरु चयन र सोको शुद्धता निर्धारणका लागि डिजाइन समिति तथा धातु, सोको गुणस्तर र टकमरी गरिने संख्या निर्धारणका लागि गभर्नर समक्ष सिफारिस गर्ने ।

घ) टकमरी कार्यका लागि आवश्यक पर्ने मेसिनरी, औजार, सीप लगायतका विषयमा गभर्नर समक्ष राय सुझाव पेश गर्ने ।

ङ) स्मारिका सिक्का तथा मेडालियनको बजार माग र मूल्य आदिको विश्लेषण गरी टकमरी गर्न उपयुक्त संख्या निर्धारण गर्न गभर्नर समक्ष सिफारिस गर्ने ।

च) दफा ५ को उपदफा (६) बमोजिम दश वर्ष अवधि व्यतित भएका स्मारिका सिक्काको अनुसूची १ मा तोकिए बमोजिम पुनर्मूल्याङ्कन गरी नयाँ बिक्री मूल्य निर्धारण गर्ने ।

छ) दफा ५ को उपदफा (८) बमोजिम चाँदी बाहेकका अन्य धातुका स्मारिका सिक्काको बिक्री मूल्य अंकित मूल्य भन्दा कम नहुने गरी तथा दफा ८ को उपदफा (४) बमोजिम सुनचाँदी बाहेक अन्य कच्चा धातुको बिक्री मूल्य आवश्यकतानुसार निर्धारण गर्ने ।

ज) महाशाखाले टकमरी गरी बिक्री गर्ने सुनको असर्फी तथा चाँदीको मेडालियन तथा स्मारिका सिक्काको तौलको टोलरेन्स लिमिट हेरफेर गर्ने सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने ।

झ) टकमरी गरिने स्मारिका सिक्काको अंकित मूल्य निर्धारण गर्ने ।

ञ) गलान, पाताचक्की, पोली लगायत टकमरीको क्रममा हुने सुनचाँदीको खर्च वा जर्ति (Loss) को सीमा हेरफेर सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने ।

ट) टकमरीसँग सम्बन्धित उपयुक्त देखिएका अन्य विषयका सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने ।

ठ) यस कार्यविधिमा संशोधन गर्न आवश्यक देखिएमा गभर्नर समक्ष सिफारिस गर्ने ।

**१३. स्वीकृति लिएर मात्र कार्य गर्नु पर्ने :**

(१) यस कार्यविधि बमोजिमको कार्य गर्दा देहाय अनुसारको निकाय तथा अधिकारीबाट स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

क) दफा ३ को उपदफा (१) अनुसार खरिद गर्दा गभर्नरबाट ।

ख) दफा ३ को उपदफा (३) बमोजिम खरिद गर्दा पाँच किलोग्रामसम्म सुन तथा पचास किलोग्रामसम्म चाँदी विभागबाट, दश किलोग्रामसम्म सुन तथा एक सय किलोग्रामसम्म चाँदी डेपुटी गभर्नरबाट र सो भन्दा माथि गभर्नरबाट ।

ग) दफा ४ बमोजिम वाणिज्य बैंकहरु मार्फत् सुनचाँदी खरिद गर्दा गभर्नरबाट ।

घ) दफा ५ बमोजिम स्मारिका सिक्का टकमरीको हकमा नेपाल सरकारबाट ।

ङ) दफा ६ र ७ बमोजिम नयाँ डिजाइनको मेडालियन र असर्फी टकमरीको हकमा समितिबाट ।

तर, पूर्व स्वीकृत डिजाइन बमोजिमको मेडालियन र असर्फी वार्षिक कार्ययोजना बमोजिम आवश्यक संख्यामा पुनः टकमरी गर्दा गभर्नरबाट ।

च) दफा ८ बमोजिम एक किलोग्रामसम्म सुन र पचास किलोग्रामसम्म चाँदी बिक्री गर्दा महाशाखाबाट, पाँच किलोग्रामसम्म सुन तथा एक सय किलोग्रामसम्म चाँदी बिक्री गर्दा विभागबाट, दश किलोग्रामसम्म सुन र दुई सय किलोग्रामसम्म चाँदी बिक्री गर्दा डेपुटी गभर्नरबाट र सो भन्दा माथि गभर्नरबाट ।

छ) दफा १४ बमोजिम गलान, पाताचक्की, पोली लगायत टकमरीको क्रममा हुने सुनचाँदीको खर्च वा जर्ति (Loss) को सीमा हेरफर गर्दा समितिबाट ।

ज) दफा १४ बमोजिम सुनचाँदीको तौलको टोलरेन्स लिमिट हेरफेर गर्दा समितिबाट ।

झ) दफा ९ बमोजिम पदक टकमरीको हकमा महाशाखाबाट ।

**१४. सुनचाँदीको तौलको टोलरेन्स लिमिट तथा जर्ति (Loss) सम्बन्धमा :**

(१) महाशाखाले टक्कल गर्ने प्रत्येक सुनको असर्फी वा चाँदीका मेडालियन वा स्मारिका सिक्काको तोकिएको तौलको टोलरेन्स लिमिट ऋणात्मक नहुने गरी कायम गर्नु पर्नेछ । यस्तो टोलरेन्स लिमिट सुनको १० ग्रामको असर्फीको हकमा प्रति असर्फी २० मिलिग्रामसम्म र १० ग्रामको चाँदीको मेडालियन वा स्मारिका सिक्काको हकमा प्रति सिक्का १५० मिलिग्रामसम्म कायम रहनेछ । उल्लेखित बाहेकका अन्य तौलका सुनको असर्फी तथा चाँदीका मेडालियन वा स्मारिका सिक्काको हकमा सोही बमोजिम

समानुपातिक रुपले वा निर्णय भएबमोजिमको टोलरेन्स लिमिट कायम गरिनेछ। उक्त सीमाको प्रभाव स्वरुप घटी भएको सुनचाँदीलाई महाशाखाले असामान्य जर्ति (Abnormal Loss) अन्तर्गत लेखाङ्कन गर्नु पर्नेछ।

(२) महाशाखाले सुनका असर्फी र चाँदीका स्मारिका सिक्का तथा मेडालियन टकमरी गर्ने क्रममा गलान, पाताचक्की तथा पोलीको चरणमा हुने सुनचाँदीको खर्च वा जर्ति (Loss) लाई निर्धारित सीमाभित्र कायम राख्नु पर्नेछ र यस्तो खर्च वा जर्ति (Loss) को सीमामा कुनै हेरफेर गर्नु परेमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ। यस्तो जर्तिलाई सामान्य जर्ति (Normal Loss) अन्तर्गत लेखाङ्कन गर्नु पर्नेछ।

**१५. न्यूनतम मौज्दात कायम राख्नु पर्ने :**

(१) टकमरी गरिएको स्मारिका सिक्का, असर्फी र  मेडालियन पच्चिस थान न्यूनतम मौज्दातको रुपमा ढुकुटीमा सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो कार्यविधि जारी हुनु पूर्व टकमरी गरिएको कुनै स्मारिका सिक्का, असर्फी र मेडालियनको मौज्दात पच्चिस थान भन्दा कम भएमा उक्त मौज्दातलाई नै न्यूनतम मौज्दात मानी ढुकुटीमा सुरक्षित राख्नु पर्नेछ।

(३) महाशाखाले ९९९.९ टचका सुनको हकमा पाँच के.जी. र चाँदीको हकमा पचास के.जी. न्यूनतम मौज्दात कायम गर्नुपर्ने छ। तर सो भन्दा बढी मौज्दात कायम गर्न बाधा पर्ने छैन।

**१६. डाईहरु सुरक्षित राख्नु पर्ने :**

(१) टक्सार महाशाखाबाट टकमरी हुने सुनका असर्फी तथा चाँदीका स्मारिका सिक्का र मेडालियन टकमरी कार्यका लागि बनाइएका मास्टर तथा वर्किङ्ग डाइ सुरक्षित रुपमा राख्नुपर्नेछ।

(२) यस कार्यविधिको दफा ९ बमोजिम बनाइने पदक, तक्मा आदिको डाईको हकमा सम्बन्धित संस्थाले उक्त डाई नष्ट गर्न अनुरोध गरेकोमा बाहेक महाशाखामा सुरक्षित रुपमा राख्नु पर्नेछ। सम्बन्धित संस्थाले डाई नष्ट गर्न अनुरोध गरेमा उक्त संस्था र

टक्सार महाशाखाका प्रतिनिधिको रोहवरमा डाई नष्ट गरी सोको अभिलेख राख्नुपर्नेछ ।

**१७. प्रतिवेदन पेश गर्नु पर्ने :** महाशाखाले यस कार्यविधि बमोजिम कच्चा सुनचाँदी खरिद बिक्री, असर्फी, स्मारिका सिक्का, मेडालियन तथा पदक टकमरी र बिक्री सम्बन्धी प्रतिवेदन मासिक रुपमा विभागमा तथा त्रयमासिक रुपमा गभर्नर समक्ष पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन महिना वा त्रयमास समाप्त भएको सात कार्य दिनभित्र पेश गर्नुपर्नेछ ।

**१८. बाधा अड्काउ फुकाउने :** यस कार्यविधि अनुसार कार्य गर्दा कुनै बाधा अड्काउ परेमा टकमरी सिफारिस समितिको सिफारिसमा गभर्नरले फुकाउन सक्नेछ ।

**१९. खारेजी र बचाउ :**

(१) नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

*******

*अनुसूची १*

## स्मारिका सिक्का पुनर्मूल्याङ्कन विधि

*( दफा ५ को उपदफा (६) को प्रयोजनका लागि)*

१. स्मारिका सिक्काको पुनर्मूल्याङ्कन निम्नानुसारका चारवटा पक्षहरुका आधारमा गरिनेछ :

- सिक्कामा प्रयोग गरिएको धातुको मूल्य ।
- सिक्का टकमरीपछि व्यतित कुल वर्ष ।
- सिक्कामा अंकित विषयवस्तुको महत्व ।
- बिक्रीका लागि उपलब्ध सिक्का मौज्दात ।

२. स्मारिका सिक्का पुनर्मूल्याङ्कनको प्रक्रिया देहाय बमोजिम हुनेछ :

(१) पुनर्मूल्याङ्कन गरिने स्मारिका सिक्कामा प्रयोग भएको धातुको पुनर्मूल्याङ्कन गर्ने दिन कायम रहेको बजार मूल्यमा प्रति ग्राम पचास रुपैंया थप गरी नयाँ मूल्य निर्धारण गर्ने ।

(२) खण्ड (१) बमोजिम प्राप्त मूल्यका आधारमा टकमरी भएपछि व्यतित कुल अवधि बमोजिम देहाय अनुसार प्रिमियम मूल्य कायम गर्ने :

| क्र.सं. | अवधि | मूल्यांकन |
|---|---|---|
| १. | दश वर्षभन्दा बढी बिस वर्षसम्म | १२०% |
| २. | बिस वर्षभन्दा बढी तीस बर्षसम्म | १३०% |
| ३. | तिस वर्षभन्दा बढी चालिस बर्षसम्म | १४०% |
| ४. | चालिस वर्षभन्दा बढी | १५०% |

(३) खण्ड (२) बमोजिम प्राप्त मूल्यका आधारमा सिक्कामा अंकित विषयवस्तु अनुसार वर्गीकरण गरी देहाय अनुसार प्रिमियम मूल्य थप गर्ने:

| क्र.सं. | अंकित बिषयवस्तु | वर्ग | मूल्याङ्कन |
|---|---|---|---|
| १. | *दफा ५ को उपदफा (१) को खण्ड (क) अनुसारको बिषयवस्तु* | A | १५०% |
| २. | *दफा ५ को उपदफा (१) को खण्ड (ख) अनुसारको बिषयबस्तु* | B | १४०% |
| ३. | *दफा ५ को उपदफा (१) को खण्ड (ग) अनुसारको बिषयवस्तु* | C | १३०% |
| ४. | *दफा ५ को उपदफा (१) को खण्ड (घ) अनुसारको बिषयवस्तु* | D | १२०% |
| ५. | *माथि उल्लेख भए बाहेकका अन्य* | E | ११०% |

(४) खण्ड (३) बमोजिम प्राप्त मूल्यका आधारमा बिक्रीका लागि उपलब्ध मौज्दात (दफा १५ बमोजिमको न्यूनतम मौज्दात भन्दा बढी) बमोजिम देहाय अनुसार प्रिमियम मूल्य कायम गर्ने :

| क्र.सं. | *बिक्रीको लागि उपलब्ध मौज्दात* | मूल्यांकन |
|---|---|---|
| १. | *दश थानसम्म* | *१५० %* |
| २. | *दश थानभन्दा बढी पचास थानसम्म* | *१४० %* |
| ३. | *पचास थानभन्दा बढी एक सय थानसम्म* | *१३० %* |
| ४. | *एक सय थानभन्दा बढी पाँच सय थानसम्म* | *१२० %* |
| ५. | *पाँच सय थानभन्दा बढी एक हजार थानसम्म* | *११० %* |
| ६. | *एक हजार थानभन्दा बढी* | *१०० %* |

(५) खण्ड (४) बमोजिम गणना गर्दा प्राप्त हुन आउने मूल्यको आधारमा सो मूल्य पछिको सयले भाग जाने अंकमा स्मारिका सिक्काको बिक्री मूल्य निर्धारण गर्ने ।

३. बुँदा नं. २ को खण्ड (५) अनुसार कायम हुने मूल्य टकमरी सिफारिस समितिलाई कम हो भन्ने लागेमा उक्त समितिले ले पुनर्विचार गरी सो भन्दा बढी मूल्य कायम गर्न सक्नेछ ।

४. कुनै स्मारिका सिक्कालाई एक पटक पुनर्मूल्याङ्कन गरेपछि अर्को पुनर्मूल्याङ्कन प्रत्येक आर्थिक वर्षको पहिलो कार्यदिन कायम बजार मूल्यलाई आधार लिई माथि बुँदा २ मा उल्लेखित प्रक्रिया बमोजिम नै गरिनेछ । तर, यदि उक्त पहिलो कार्यदिन कायम बजार मूल्यलाई आधार लिई वार्षिक रुपमा पुनर्मूल्याङ्कन गर्दा अघिल्लो वर्षको मूल्यभन्दा कम मूल्य कायम हुन आएमा अघिल्लो वर्षको मूल्यलाई नै बिक्री मूल्य कायम गरिने छ ।

*******